# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
पातिचौर देउपुर
प्रदेश नं. ४

मिति : २०७४/०९/१८

**विषय : पशुपक्षीं विकास प्रर्वद्धन को लागि प्रस्ताव आह्वान सम्बन्धी सुचना ।**

यस मोदी गाउ कार्यपालिका पशु सेवा शाखा को आ.व. ०७४/०७५ को बार्षिक स्विकृत कार्यक्रम अनुसार लागत साझेदारिमा तपशिलमा उल्लेखित कार्यक्रम हरु संचालन गर्न इच्छुक व्यवसायिक कृषहरुले आफुले गर्न चाहेको व्यवसायको लागि यो सुचना प्रकाशन भएको मिति बाट ३० दिन भित्र यस कार्यपालिका पशु सेवा शाखा वा सम्बन्धीत वडा कार्यलयहरुमा मा शिलबन्दी प्रस्ताव पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र दर्ता गर्न सकिने छ ।

तपशिल

### १. पशु विकास सेवा कार्यक्रम (व्यवसायिक कार्यक्रम)

| सि.न. | साझेदारी कार्यक्रम हरु | साझेदारि संख्या | लागत साझेदारी अधिकतम रकम प्रति इकाइ (रु. हजार) |
|---|---|---|---|
| १. | युवा लक्षीत गाई/भैसि पालन | २ | १०० |
| २. | युवा लक्षीत भेडा/बाखा पालन | ३ | १०० |
| ३. | युवा लक्षीत वंगुर पालन | १ | १०० |

### २. खोर/गोठ सुधार कार्यक्रम

| सि.न. | साझेदारी कार्यक्रम हरु | साझेदारि संख्या | लागत साझेदारी अधिकतम रकम प्रति इकाइ (रु. हजार) |
|---|---|---|---|
| १. | दुधालु पशु ५ गोटा भएकालाई गोठ सुधार अनुदान | ३ | २५ |
| २. | माउ भेडा/बाखा २० भएकालाई खोर सुधार अनुदान | ६ | २५ |
| ३. | माउ वंगुर ५ गोटा भएकालाई खोर सुधार अनुदान | २ | २५ |

### ३. पशुपक्षीं बजार प्रर्बद्धन कार्यक्रम

| सि.न. | साझेदारी कार्यक्रम हरु | साझेदारि संख्या | लागत साझेदारी अधिकतम रकम प्रति इकाइ (रु. हजार) |
|---|---|---|---|
| १. | मासु पसल सुधार | २ | ५० |
| २. | खसि बोका संकलन केन्द्र स्थापना | १ | १०० |
| ३. | दुग्ध बजारिकरण सहकार्य | २ | ५० |
| ४. | जेनेरेटर खरिद | १ | १०० |
| ५. | सिलिङ मेशिन खरिद | १ | ३५० |

### ४. अण्डामा आत्मनिर्भर तथा पारिबारिक पोषण कार्यक्रम

| सि.न. | साझेदारी कार्यक्रम हरु | साझेदारि संख्या | लागत साझेदारी अधिकतम रकम प्रति इकाइ (रु. हजार) |
|---|---|---|---|
| १. | १००-२०० गोटा लेर्यस कुखुरा पाल्ने कृषक लाई खोर सुधार अनुदान | ६ | ३० |
| २. | २०० भन्दा बढि लेर्यस कुखुरा पाल्ने कृषक लाइ खोर सुधार अनुदान | ५ | ४० |

**प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजात हरु :**

१. नेपालि नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. सम्बन्धीत विषयको तालिमको प्रमाण पत्रको प्रतिलिपि ।

४. अनुसुचि ३(क) गाईभैसि पालन, अनुसुचि ३(ख) भेडाबाखा प्रवर्द्धन, अनुसुचि ३(ग) वंगुर पालन, अनुसुचि ३(घ) बजार प्रवर्द्धन कार्यक्रम अनुसारको संक्षिप्त कार्ययोजना ।

५. वडा कार्यलयको शिफारिस ।

६. व्यवसायको आर्थिक तथा प्राविधिक प्रस्ताव ।

७. युवा लक्षीत कार्यक्रममा प्रस्ताव पेश गर्ने व्यक्ति को उमेर १८ वर्ष पुरा भै ५० वर्ष ननाघेको हुनुपर्ने छ ।

८. युवा लक्षीत कार्यक्रममा गाई, भैसि पालन अनुदान कार्यक्रमको लागि कम्तीमा ५ वटा भन्दा बढि उन्नत दुधालु गाई भैसि, भेडाबाखा पालनको लागि कम्तीमा ५० गोटा भन्दा बढि प्रजनन् योग्य माउबाखा हुनु पर्ने र वंगुर पालनको लागि कम्तीमा पनि १० गोटा भन्दा बढि प्रजनन् योग्य माउ वंगुर पालेको हुनु पर्ने र फार्म दर्ता गरेको हुनु पर्ने छ । साथै उक्त पशुहरुको बिमा गरेको वा नगरेको भए १५ दिन भित्र विमा गर्ने प्रतिबद्धता पत्र संलग्न हुनुपर्ने छ ।

९. विदेश बाट फर्केको युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि संलग्न राख्नु पर्ने छ ।

१०. पर्यावरणीय असरको न्युनीकरण गर्ने उपाए तथा जैविक सुरक्षा सम्बन्धीत विवरण ।

११. प्रस्ताव गरेको योजना कार्यन्वयन गर्ने प्रतिवद्धता पत्र ।

१२. **खोर/ गोठ सुधारको हकमा** ३ गोटा उन्नत गाईभैसि वा ५ गोटा दुधालु गाईभैसि भएको हुनु पर्ने छ । साथै भेडाबाखा पालनको लागि २० भन्दा बढि प्रजनन् योग्य माउबाखा हुनुपर्ने र वंगुर पालनको हकमा ५ गोटा प्रजनन् योग्य माउ वंगुर हुनुपर्ने छ ।

१३. **पशुपक्षीं बजार प्रर्बद्धन कार्यक्रमको हकमा** आधिकारिक संस्था बाट संस्था, समिति, समुह, फार्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि को साथमा मुल्य अभिवृद्धि कर वा स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनुपर्ने । अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि संलग्न हुनुपर्ने छ । कार्यक्रम संचालन गर्ने स्थलको जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि वा भाडा वा लिजमा भए कम्तीमा ५ वर्ष सम्मको सम्झौता पत्र ।

१४. **अण्डामा आत्मनिर्भर तथा पारिबारिक पोषण कार्यक्रम को हकमा** फार्म भएको स्थानको लालपुर्जा, चारकिल्ला का संधियाराको मंजुरी नामा ।

**नोट : उपरोक्त अनुसारको पेश गर्नु पर्ने प्रस्ताव मोदी गाउपालिका पशु सेवा शाखा, पशु सेवा केन्द्र, र वडा कार्यलय हरु बाट प्राप्त गर्न सकिने छ ।**